फ्याक्स: ०८१ ५४०३१८
फो.नं.: ०८१ ५४०००९

कोहलपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कोहलपुर, बाँके
प्रदेश नं. ५

प.सं. :-०७४/०७५
च.नं. :-

मिति:२०७४/१०/२४

**विषय: हाजिहरुलाई आवेदन सम्बन्धी सूचना ।**

प्रस्तुत विषयमा जिल्ला प्रशासन कार्यालय बाँके को प.सं. ०७४/०७५, च.नं. ३९७४ मिति २०७४/१०/१७ को पत्रअनुसार नेपाल सरकार गृह मन्त्रालय हज समितिको सचिवालयको २०७४/१०/१४ को निर्णय भए बमोजिम सन् २०१८ मा मुस्लिम धर्मावलम्बिहरुको पवित्र तिर्थस्थल साउदी अरवको मक्का र मदिनामा हज गर्न जान चाहने इच्छुक मुस्लिम धर्मावलम्विहरुले समयमै जिल्ला प्रशासन कार्यालय मार्फत आवश्यक कागजातहरु राखि नेपाल सरकार गृह मन्त्रालयमा आवेदन पेश गर्नुहुन अनुरोध छ ।

०७४/१०/२४

प्रेम प्रसाद देवकोटा
प्रमुख प्रशासकीय अधिकृत
(उप-सचिव)

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर - बाँके

नेपाल सरकार

गृह मन्त्रालय

# नेपाल हज समितिको सचिवालयको

## २०७५ साल (स २०१८) मा हज गर्न जान चाहने व्यक्तिहरुलाई आवेदन पेश गर्ने सम्बन्धी सूचना

२०७५ साल (सन् २०१८) मा साउदी अरबको मक्का-मदिनामा हज गर्न जान चाहने ईच्छुक नेपाली मुसलमानहरुले देहाय अनुसारका कागजातहरु संलग्न राखी मिति २०७४ साल माघ १७ गते देखि २०७४ साल फाल्गुन १५ गते सम्म सम्बन्धित जिल्ला प्रशासन कार्यालयहरुमा रितपूर्वकको आवेदन फारम पेश गर्न नेपाल हज समितिको मिति २०७४/१०/१४ को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ । समयमै सम्बन्धि जिल्ला प्रशासन कार्यालयहरु मार्फत अनिवार्य रुपमा राहदानी (MRP) सहित देहाय बमोजिमका काजातहरु साथ राखी आवेदन पेश गर्नुहुन जानकारी गराइएको छ। साथै गत बर्ष सन् २०१७ मा हज गर्न जान नपाएका हजयात्रीहरुलाई प्राथमिकतामा राखी बाँकी आवेदकहरु मध्ये पहिले आवेदन गर्ने व्यक्तिहरुलाई दोस्रो प्राथमिकता दिइने व्यहोरा समेत यसै सुचनाद्वारा जानकारी गराइएको छ ।

आवेदनसाथ संलग्न गर्नुपर्ने कागजातहरु:

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि — १
२. सक्कलै राहदानी (MRP) – १
३. राहदानी (MRP) को प्रतिलिपि-१( राहदानी वाहकको पूर्ण विवरण: नाम, ठेगाना, जन्म मिति, लिङ्ग(महिला/पुरुष) तथा कार्यालयको छाप र हस्ताक्षर ठीक भए नभएको एकिन गरि)
४. हवाई टिकट र साउदी अरबमा लाग्ने घर भाडा, परिवहन खर्च, मौल्लिम दस्तुर र यस वर्ष देखि खाना खर्च (नास्ता बाहेक) समेत एकिन भएपछि थप रकम पुनः दाखिला गर्ने गरि हाललाई राष्ट्रिय बाँणिज्य बैंक सिंहदरवार शाखामा रहेको नेपाल हज समिति चल्ती खाता नं. ११३०००0३९६०१ मा जम्मा हुने गरि राष्ट्रिय वाणिज्य बैंकको कुनै पनि शाखाबाट रु १,००,०००/-( एक लाख मात्र ) जम्मा गरी जम्मा गर्ने व्यक्ति (आवेदक) को नाम उल्लेख गरेको सक्कलै भौचर -१
५. हालसालै खिचिएको पासपोर्ट साइजको फोटो ३ प्रति र अटो साइजको फोटो २ प्रति (प्रत्येक फोटो पछाडी नउड्ने मसिले नाम र ठेगाना स्पष्ट उल्लेख हुनुपर्ने)